# स्थानीय सरकारी सेवा कर्मचारीको तह वृद्धि तथा स्तर वृद्धि सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८१

प्रस्तावनाः मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" मा रहेको तह वृद्धि/स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी ससकोशी नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ।

<u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो कार्यविधिको नाम "**स्थानीय सरकारी सेवा कर्मचारीको तह वृद्धि तथा स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१**" रहेको छ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "ऐन" भन्नाले मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ।

ख. "कर्मचारी" भन्नाले स्थानीय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ र सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई समेत जनाउँछ।

ग. "कार्यपालिका" भन्नाले ससकोशी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

घ. "कार्यविधि" स्थानीय सेवा कर्मचारी स्तर वृद्धि तथा तह वृद्धि/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

ङ. "कार्यालय/नगरपालिका" भन्नाले ससकोशी नगरपालिकाको कार्यालय र सो मातहतको कार्यालय समेतलाई सम्झनु पर्दछ।

च. "तह वृद्धि/स्तर वृद्धि" भन्नाले ऐनको दफा २९ बमोजिम गरिने तह वृद्धि/स्तर वृद्धिलाई सम्झनु पर्दछ।

छ. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

ज. "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

प्रमाणीकरण गर्नेः
नामः कृष्ण प्रसाद ढकाल
पदः नगर प्रमुख
मितिः २०८३।०३।०५

झ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सप्तकोशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ञ. "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ५ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

३. <u>सूचना प्रकाशन गर्नेः</u> ऐनको दफा २९ को (४) बमोजिम तह वृद्धि/स्तर वृद्धि गर्दा प्रत्येक आर्थिक वर्षको पौष र असार महिनामा तह वृद्धि/स्तर वृद्धिका लागि सबै योग्यता पूरा गरेको मितिबाट ज्येष्ठता कायम हुने गरी प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धि/स्तर वृद्धिको निर्णय गर्नु पर्नेछ। सो प्रयोजनको लागि कम्तिमा एक महिना अगावै कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ।

४. <u>तह र पदनामः</u> ऐनको दफा ४ बमोजिमको तह र पदनाम रहनेछ।

५. सिफारिस समितिः (१)[1] ऐनको दफा २९ को उपदफा ५ बमोजिम यस नगरपालिका एवं अन्तर्गतमा कार्यरत कर्मचारीको तहवृद्धी सम्बन्धमा नगर कार्यपालिका समक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा कार्यपालिकाले तोकेको कम्तिमा एक जना महिला कर्मचारी सहित अधिकृतस्तरको दुई जना कर्मचारी सदस्य रहने गरी तीन सदस्यीय तहवृद्धी सिफारिस समिति हुनेछ।

(२) समितिको कुनै सदस्य तह वृद्धि/स्तर वृद्धिको लागि उम्मेदवार भएको अवस्थामा उक्त कार्यका लागि प्रमुख प्रशासकीय अधिकृतद्वारा तोकिएको अर्को अधिकृत कर्मचारीले सो कार्य गर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रमुख प्रशासकीय अधिकृत पदमा नवौं तहको कर्मचारी कार्यरत रहेको अवस्थामा नवौं तहको कर्मचारीको स्तर वृद्धिको सिफारिसको निर्णय कार्यपालिकाले गर्नेछ।

(४) समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ।

(५) समितिको बैठकको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>समितिको काम कर्तव्य र अधिकार</u>: सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछः

क) तह वृद्धि/स्तर वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने।

ख) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने।

कृष्ण प्रसाद ढकाल
(नगर प्रमुख)

प्रमाणीकरण गर्नेः
नामः कृष्ण प्रसाद ढकाल
पदः नगर प्रमुख
मितिः २०८३।०३।०५

---
[1] पहिलो संशोधनद्वारा संशोधित

ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने।

घ) तह वृद्धि/स्तर वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह वृद्धि/स्तर वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

७. <u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः</u> यस कार्यविधि बमोजिम तह वृद्धि/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ बमोजिम पुरा गरेको हुनु पर्नेछ।

८. <u>सिफारिसः</u> (१) दरखास्त दिने अन्तिम मितिको १५ (पन्ध्र) दिन भित्रमा सिफारिस समितिले निवेदनसाथ प्राप्त कागजातहरुको जाँच गरी कार्यालयलाई तह वृद्धि/स्तर वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह वृद्धि/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम तह वृद्धि/स्तर वृद्धि भएका कर्मचारीलाई अनुसूची-१ बमोजिमको ढाँचामा तह वृद्धि/स्तर वृद्धिको पत्र दिइनेछ।

९. <u>तह वृद्धि/स्तर वृद्धि गर्न नहुनेः</u> यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ५ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह वृद्धि/स्तर वृद्धिको लागि सिफारिस गर्ने छैनः

क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर।

ख) तह वृद्धि/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह वृद्धि/स्तर वृद्धि वा बढुवा रोक्का भएको अवधिभर।

ग) तलब वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर।

घ) असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर।

ङ) स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

कृष्ण प्रसाद ढकाल
(नगर प्रमुख)

प्रमाणीकरण गर्ने:
नामः कृष्ण प्रसाद ढकाल
पदः नगर प्रमुख
मितिः २०८३।०३।०५

१०. <u>तह वृद्धि/स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्थाः</u> (१) कर्मचारी समायोजन ऐन २०७५ बमोजिम निजामति सेवा र अन्य सेवाबाट समायोजन भई पदाधिकार र कार्यरत रहेका स्थानीय सेवाका कर्मचारीहरूको दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह वृद्धि/स्तर वृद्धि गरिनेछ।

(२) ऐनको दफा ४ को उपदफा (६) बमोजिम एक तह स्तर वृद्धि भएका र ऐनको दफा ८ को उपदफा (२२) बमोजिम तह मिलान भएका कर्मचारीहरूको ज्येष्ठता कायम मिति पश्चातको कार्य सम्पादन मूल्याङ्कनलाई हाल कार्यरत तहको कार्य सम्पादन मूल्याङ्कनको रूपमा समावेश गरी तह वृद्धि/स्तर वृद्धि गरिनेछ।

(३)[2] ................

(३.क)[3] यस कार्यविधिमा अन्यत्र जे सुकै कुरा लेखिएको भएतापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समान पद र तहमा समायोजन भई मधेश प्रदेश सरकारको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ जारी भएको बखतसम्म पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पुरा गरेका स्वास्थ्य सेवाका कर्मचारीहरूलाई समायोजन भएको मितिबाट जेष्ठता कायम हुने गरी अख्तियारवालाले एक पटकका लागि स्तरवृद्धि/तहवृद्धी गरी दिनेछ। यसरी स्तरवृद्धि हुने पद स्वतः सृजना हुनेछ र कुनै कारणले निज कर्मचारीहरू सेवामा बहाल नरहेमा स्वतः खारेज भई जानेछ।

११. <u>जेष्ठता कायमः</u> तह वृद्धि/स्तर वृद्धि हुने कर्मचारीको ऐनको दफा २९ को उपदफा ४ बमोजिम सबै योग्यता पूरा गरेको मितिबाट जेष्ठता कायम हुनेछ।

१२. <u>जानकारी दिनु पर्नेः</u> ऐनको दफा २९ को उपदफा (८) बमोजिम गरिएको तह वृद्धि/स्तर वृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१३. <u>बाधा अड्काउ फुकाउने अधिकारः</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा अयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

१४. <u>उजुरी/गुनासोः</u> तह वृद्धि/स्तर वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

१५. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

---

[2] दोस्रो संशोधनद्वारा झिकिएको

[3] दोस्रो संशोधनद्वारा थप गरिएको

कृष्ण प्रसाद ढकाल
(नगर प्रमुख)

प्रमाणीकरण गर्नेः
नामः कृष्ण प्रसाद ढकाल
पदः नगर प्रमुख
मितिः २०८३।०३।०५

(दफा ८ को उपदफा ३ सँग सम्बन्धित)

## तह वृद्धि/स्तर वृद्धि पत्रको ढाँचा

प.सः मितिः ...............

च.नं.

विषयः तह वृद्धि/स्तर वृद्धि गरिएको सम्बन्धमा।

तपाईलाई नगर कार्यपालिकाको कार्यालयको मिति ................ गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ तथा ससकोशी नगरपालिकाको स्थानीय सरकारी सेवा गठन, सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८१ को परिच्छेद-४ बमोजिम मिति ................ गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह वृद्धि/स्तर वृद्धि गरिएको छ। तह वृद्धि/स्तर वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु।

तपसिलः

| हाल कार्यरत पद | तह वृद्धि/स्तर वृद्धि गरेको पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| कार्यरत कार्यालयः | पदस्थापन गरेको कार्यालयः |

श्री .............................

कर्मचारी संकेत नम्बरः......................

**बोधार्थः**

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक, ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम, मधेश प्रदेश।

श्री प्रदेश किताबखाना, जनकपुरधाम, मधेश प्रदेश।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाण्डौं।

श्री कर्मचारी सञ्चयकोष, ठमेल, काठमाण्डौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सप्तरी।

श्री आर्थिक प्रशासन शाखा, ससकोशी नगरपालिका, तुलसी चोक, सप्तरी।

कृष्ण प्रसाद ढकाल
(नगर प्रमुख)

प्रमाणीकरण गर्नेः

नामः कृष्ण प्रसाद ढकाल

पदः नगर प्रमुख

मितिः २०८३।०३।०५